# उच्च अदालत तुलसिपुर नेपालगंज इजलास

## नेपालगंज, बाँके

### मिति २०७८।०३।०१ मा प्रकाशित सुचना

विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९ दोस्रो भेरियन्टको जोखिम बढ्दै गएको र बाँके जिल्लामा कोरोना भाइरसको चेन ब्रेक गर्न मिति २०७८।०१।०८ गतेदेखि निषेधाज्ञा जारी भएको तथा कोरना भाइरसको संक्रमणको न्युनिकरण गर्न यस अदालतबाट प्रवाह हुने अत्यावश्यक सेवाहरु बाहेकका अन्य सेवाहरु मिति २०७८।०१।०८ देखि स्थगन भई आएको अवस्थामा हाल यस अदालतबाट के कस्ता सेवाहरु सुचारु गर्न सकिने भन्ने सम्बन्धमा नेपाल बार एसोसियसन तथा उच्च अदालत नेपालगंज बार एसोसियसनका पदाधिकारी, वरिष्ठ अधिबक्ता तथा अधिबक्ता र उच्च सरकारी वकिल कार्यालय,नेपालगंजका उपन्यायधिबक्तासमेत संगको छलफल समेतलाई मध्यनजर गरी अदालतमा कार्यरत जनशक्ति,कानून व्यवसायी तथा सेवाग्राही समेतको भिडभाड नहुने गरी संक्रमणको जोखिम न्यूनिकरण गर्न निर्धारित स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गर्दै यस अदालतको मिति २०७८।०१।०८, मिति २०७८।०१।१५ र मिति २०७८।०१।२० को पूर्ण बैठकको निर्णयले प्रवाह हुँदै आएका सेवाहरुका अतिरिक्त देहाय बमोजिमका सेवाहरु मात्र सुचारु गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि यस अदालतको मिति २०७८।०३।०१ मा बसेको पूर्ण बैठकको निर्णयानुसार यो सुचना प्रकाशित गरिएको छ।

<u>देहायः-</u>

१. मिति २०७८।०३।०२ गते देखि सुरक्षा मापदण्डको समुचित अवलम्बन गरी दर्तातर्फ देहायका सेवा प्रवाह प्रारम्भ गर्नेः

(क) अदालतबाट लिनु पर्ने फैसला वा अन्तिम आदेश लगायतका कागजातहरुको प्रतिलिपी माग गर्ने सरोकारवालाको निवेदन हरेक दिन बिहान ११.०० बजेदेखि अपरान्ह ३.००

रजिष्ट्रार

(क) अदालतबाट लिनु पर्ने फैसला वा अन्तिम आदेश लगायतका कागजातहरुको प्रतिलिपी माग गर्ने सरोकारवालाको निवेदन हरेक दिन बिहान ११.०० बजेदेखि अपरान्ह ३.०० बजेसम्म ग्रहण गरी सोको भोलिपल्ट अपरान्ह १.०० बजे पछि नियमानुसार प्रतिलिपी उपलब्ध गराउने।

(ख) थुनुवाको तर्फबाट दर्ता गर्न ल्याएका वा सम्बन्धित कारागार कार्यालय मार्फत् पठाएका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनहरु र दफा १५५ संग सम्बन्धित निवेदनहरु हरेक दिन बिहान ११.०० बजे देखि अपरान्ह ३.०० बजेसम्म ग्रहण गरी सोको भोलिपल्ट रित वेरित जाँच गरी दर्ता गर्ने ।

(ग) नेपालको संविधानको धारा १४४ तथा न्याय प्रशासन ऐन २०७३ को दफा ८ को उपदफा (१) बमोजिम मौलिक हकको गम्भीर उल्लंघन सम्बन्धी रीट निवेदन तथा मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद ३ को नागरिक अधिकार हननको गम्भीर आशंका भएको भनी दफा २६ बमोजिम ल्याइएका निषेधाज्ञाका निवेदनहरु हरेक दिन बिहान ११.०० बजे देखि अपरान्ह ३.०० बजेसम्म ग्रहण गरी सोको भोलिपल्ट रित वेरित जाँच गरी दर्ता गर्ने ।

(घ) मुद्दा फिर्ता वा मिलापत्रको लागि पेश भएका दरखास्त रित वेरित जाँच गरी दर्ता गर्ने।

२. मिति २०७८।०३।०६ गतेदेखि निषेधाज्ञाको अवधिसम्म देहायका मुद्दा तथा निवेदनहरुको **सुनुवाइ अदालतमा श्रव्य दृश्य संवाद मार्फत् सुनुवाइ संचालन सम्बन्धी निर्देशिका,२०७८ बमोजिम गर्नेः -**

(क) मुद्दा फिर्ता र मिलापत्र।

(ख) मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १५५ संग सम्बन्धित निवेदनहरुको सुनुवाइ गर्ने।

(ग) अदालतमा थुनुवाको तर्फबाट दर्ता भएका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदन र सोसंग सम्बन्धित लगाउका निवेदनहरु उपर सुनुवाइ गर्ने।

(घ) अदालतमा दर्ता हुन आएका रिट निवेदन र निषेधाज्ञाका निवेदनहरुमध्ये अन्तरिम आदेशको माग समेत भएका निवेदनहरुको सुनुवाइ गर्ने।

रजिष्ट्रार

(ङ) कारण देखाउ आदेश जारी भई अन्तरिम आदेश छलफलको लागि विपक्षीलाई सूचना दिएका रिट तथा निषेधाज्ञाका निवेदनहरुमा निवेदकले छलफल गरी पाउँ भनी निवेदन दिएकोमा विपक्षीको नाममा सूचना तामेल भएको र विपक्षीले आफै वा निजको कानुन व्यवसायी मार्फत् मञ्जुरी जनाएमा त्यस्तो अन्तरिम आदेश छलफल सुनुवाइ गर्ने।

(च) नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा नेपाल सरकारकोतर्फबाट परेका र प्रत्यर्थी झिकाउने आदेश भई नसकेका पुनरावेदन उपर सुनुवाइ प्रारम्भ गर्ने।

(छ) नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा थुनामा रहेका प्रतिवादीकोतर्फबाट परेका र प्रत्यर्थी झिकाउने आदेश भई नसकेका पुनरावेदनपत्र उपर सुनुवाइ प्रारम्भ गर्ने।

३. अदालतमा श्रव्यदृश्य संवाद मार्फत् सुनुवाइ संचालन सम्बन्धी निर्देशिका,२०७८ को अनुसूची २ बमोजिम निवेदन पर्न आएका मुद्दा तथा रिट निवेदनहरुको सुनुवाइ गर्ने।

४. उल्लेखित निर्णयहरुको कार्यान्वयनका लागि आवश्यक र उपयुक्त प्रबन्धको समय सापेक्ष व्यवस्थापन रजिष्ट्रारले मिलाउने।

.................................

(चिन्तामणी शर्मा)

रजिष्ट्रार